रूद्राध्याय - भावार्थ

प्रथमअंश

२०५७



लेखक

श्री बलदेव जुजु

प्रकाशक

वैदिक प्रतिष्ठान

असन न्हायकँतला काठमाडौं नेपाल

पो.व.नं. ७२१२ फोन नं. २५१०८१

व्यवभारवहन ई. श्री माधव प्रसाद प्रधान

पकनाजोल, कालधारा

फोन नं. २५१८७४

२९४.५९२१
बु९३९र

रूद्राध्याय – भावार्थ

प्रथमअंश

२०५७

२९४.५९२९
जु १३३ रु

लेखक

श्री बलदेव जुजु

९९३९९

प्रकाशक

वैदिक प्रतिष्ठान

असन न्हाय्कँतला काठमाडौं नेपाल

पो.व.नं. ७२१२ फोन नं. २५१०८१

व्ययभारवहन ई. श्री माधव प्रसाद प्रधान

पकनाजोल, कालधारा

फोन नं. २५१८७४

प्रकाशक : बैदिक प्रतिष्ठान
न्हाय्कँतला, असन, काठमाडौं नेपाल
पो.व.नं. ७२१२
फोन नं. २५१०८१

प्रकाशन – २०५७ बैशाख ७ गते

संस्करण – प्रथम
प्रति – १०००
सर्वाधिकार सुरक्षित
मूल्य – रू. १५/-

मुद्रक : शाम्भ प्रिटिङ्ग प्रेस,
क्षेत्रपाटी, धोवीचउर
फोन नं. २५४८६८

प्रकाशकीय

नेपाली जनजीवनमा खास गरी काडमाडौ उपत्यका अदिवासीहरूको परंपरामा नियमित अनुष्ठान गरिने कार्यहरू मध्ये रूद्री पाठ पनि एक पर्दछ। जन्मदिनमा शिववास सारिणी पनि समेत हेर्न नपर्ने र रूद्राभिषेक गर्नाले कल्याण हुन्छ भने विश्वास रहेको यस अनुष्ठानमा दीर्घपाठ गरिने संचारहरूको भावार्थ खुलेमा अरू वढी आस्था वढेन वास्ताविकतालाई मनन गरी यस प्रतिष्ठानका विद्वान अध्यक्ष, जो नेपाल भूमिका मौलिक संस्कृति जीवन पद्धति तथा सनातन परंपरा भित्रका दार्शनिक पक्षका गहन अनुसन्धान गरी जनसाधारणलाई सरल तरिकाले बोध गराउनुमा निरन्तर लागी रहनु भएको छ, उहाँबाटै यो भावार्थ प्राप्त भएकोमा गौरब मान्दछौं, साथै सर्वसुलभ होस भनी यो प्रथम अंश प्रकाशित गर्दछौं। बाँकी अंश पनि छिट्टै प्रकाशित गर्नपाउने विश्वास पनि गर्दछौं। यो सौभाग्यको लागि लेखक महोदयमा सादर कृतज्ञता ज्ञापन गर्दछौं र व्ययभार वहन गर्नु भएका ई. श्री माधव प्रसाद प्रधानज्यूको संस्कृति प्रेमको वन्दना गर्दछौं! निरन्तर भक्ति वढी रहोस्। यही हाम्रो शुभकामना छ।

वैदिक प्रतिष्ठान

रुद्राध्यायभित्रका मननीय कुराहरूको प्रथम अंश

वेद एउटा यस्तो ग्रन्थ हो जसवाट विभिन्न दृष्टिकोणले अर्थ गर्दै दार्शनिक, व्यावहारिक एवं धार्मिक ज्ञानका कुराहरू निकाल्न सकिन्छ । विद्वान भाष्यकारहरूले आ-आफ्ना दृष्टिकोणले नियाली वेदका विभिन्न व्याख्याहरू गरेका छन् । भनिन्छ, वेद मानिसको लागि आवश्यक सम्पूर्ण ज्ञानहरूको भण्डार हो । विचार गरेर हेर्ने हो भने मानिसलाई चाहिने विभिन्न क्षेत्रका विभिन्न विषय सम्बन्धी यावत् कुरा वेदबाट प्राप्त गर्न सकिन्छ भनी विद्वान विशेषज्ञहरू भन्ने गर्छन् । त्यसैले एक प्रकारले भन्ने हो भने वेदको निश्चित अर्थ लगाउन सकिंदैन, अथवा अर्को प्रकारले भन्ने हो भने वेद विभिन्न दार्शनिक दृष्टिकोणले हेरेर उपयुक्त अर्थ लगाउन सकिने सुदृष्टिदायक,पवित्र,अध्ययनयोग्य शास्त्र हो । यसैकारणले व्यवहारमा वेदका ऋचाहरूलाई पावनतम तथा सदा स्मरणीय मन्त्रको रूपमा श्रद्धासाथ मानेर जप पाठादिमा प्रयोग गर्ने प्रचलन रहेको छ । कति मन्त्रहरू त पूजाका विविध क्रियाहरूमा पढेर उपयोग गर्ने प्रणाली रहेको छ ।

यी कुराहरूलाई ध्यानमा राखेर हामीले बेला बेलामा विभिन्न धार्मिक कार्यहरूमा प्रयुक्त गर्ने गरिएका वेदका ऋचाहरू वा मन्त्रहरूको यथासंभव अर्थ र अभिप्राय समेत बुझ्न प्रयास गर्नु अत्यन्त उपयोगी र आवश्यक नै पर्ने भएको कुराको महसूस गरिरहेका छौं ।

वेदका ऋचाहरूको बहुप्रचलित प्रयोग हाम्रो रुद्रीमा गर्दै आएका छौं । रुद्राध्याय भन्नेर अधिकांश कर्मकाण्डीहरूलाई

त कण्ठस्थ नै भएको पाइन्छ, तर रुद्री कर्ममा सस्वर पढिने रूद्राध्याय अन्तर्गतका वेदका ऋचाहरूको पूर्ण अर्थ थाहा पाउने प्रायः कम नै होलान् भन्ने लाग्दछ । अर्थ नबुझीकन पाठ गर्नुभन्दा केही भए पनि भावार्थ बुझेर पाठ गर्नु वाञ्छनीय नै हुनें कुरामा दुईमत नहोला । त्यसैले यहाँ अन्य यज्ञादिको दृष्टिले भन्दा रुद्रीको दृष्टिले रुद्राध्यायका ऋचाहरूको अर्थ र त्यसको उपयोगिता पक्षको व्याख्या समेत यथासंभव संक्षिप्त रूपमा गर्न प्रयास गरिन्छ ।

रुद्रध्यायको प्रथम अध्याय

रुद्राध्यायको पहिलो अध्यायमा ब्राम्हणद्वारा रुद्रीपाठ गराउन चाहने यजमानले आफूलाई कुन रूपमा कसरी प्रस्तुत गर्नुपर्छ भन्ने कुरा देखाइएको छ । साथै रुद्री गर्ने ब्राम्हणले पनि वेदका ऋचाहरूका छन्द, ऋषि, देवता र विनियोग समेत जानेर तदनुसार भाव राखी सस्वर वेद पाठ गर्नुपर्ने कुराको निर्देशन गरिएको छ ।

सारांशतः पहिलो अध्यायका मूलभूत कुरा के हुन् भने रुद्री गराउन संकल्प गर्ने यजमानले सर्वप्रथम तत्कार्यमा प्रयुक्त गरिने अन्न द्रव्यादि संपत्तिहरू मनमा कुनै प्रकारको संकुचितता वा दम्भादिको भावमा नलिई स्वच्छ हृदयले अर्पण गर्न तयार हुनुपर्छ र आफ्नो चञ्चल मनलाई पूर्ण नियन्त्रणमा राखी शिवकर्ममा अर्थात् कल्याणकारी कार्यमा संकल्पित गर्नुपर्छ । पहिलो अध्याय 'गणानां त्वा.....' देखि शुरु भएर 'शिव संकल्प मस्तु' सम्म रहेको छ । यहाँ क्रमशः प्रथम कण्डिका देखि भावार्थ प्रस्तुत गर्ने प्रयास गरिन्छ ।

१. गणानांत्वा .... गर्भधम् ।

अर्थः हे मेरा अन्नद्रव्यादि संपत्ति ! तिमी गणहरूमध्ये गणपति (स्वामी) हौं, प्रियहरूमध्ये सवभन्दा बढी प्रिय तिमी नै हौ साथै खानीहरूमा पनि प्रमुख तिमी नै हौ । तिमीलाई धर्मकार्यमा अर्पण गर्छौं । जसरी गर्भमा रहेको म जन्मे त्यसरी नै गर्भमा रहेका तिमी पनि जन्म्यौ ।

यसको तात्पर्य यो हो कि दार्शनिक दृष्टिले हेर्दा पृथिवीको गर्भवाट निस्केका खनिज वस्तु र अन्नादिवस्तुहरू मातृगर्भवाट जन्मेका जीवधारी प्राणीहरूसँग समान छन् । त्यसैले ती अन्न खनिजादि वस्तुको आधारमा आफूलाई ठूला वा साना भनेर मनलाई दूषित बनाउनु हुँदैन , ती सबै ईश्वरीय वा प्राकृतिक सृष्टिका उपज हुन्, त्यसैले ती देवता नै हुन् भन्ने भावना लिनुपर्छ ।

यसबाट एउटा कुरा के स्पष्ट हुन्छ भने हाम्रो जीवनमा सहयोग पुऱ्याउने वस्तुहरू सबै देवता हुन् । यसै विचारलाई स्वीकारेर हामीले बेलाबखत पैसा, अन्न, पानी आदि वस्तुहरूलाई देवताको रूपमा भावना राखी पूजा गर्दै आएका छौं ।

२. गायत्री ..... शभ्यन्तुत्वा ।

अर्थ : गायत्री, त्रिष्टुप, जगती, अनुष्टुप, पंक्ति, वृहती, उष्णिक् ककुभ् आदि छन्दहरूले तिमीलाई (अराध्य देवलाई) शान्त पारुन्

तात्पर्य : कुनै पनि देवी देवताको स्तोत्र मन्त्रमा छन्द हुन्छ र छन्दमा अक्षर संख्या र त्यसका ह्रस्वदीर्घ वा लघु गुरुका मात्राहरू मिलाइएका हुन्छन्, ती कुरा मिलाएर ठीक

ठीक तरीकाबाट उच्चारण गरी पाठ गर्नु अनिवार्य हुन्छ, यी सबै कुरा मिलाएर पाठ गर्नाले सम्बन्धित देवतालाई प्रभावित पार्ने कुरा पाठकर्ताले बुझ्नु आवश्यक छ ।

३. **द्विपदा ..... शम्यन्तुत्वा ।**

अर्थ : स्तोत्र मन्त्रहरू दुई पद भएका, चार पद भएका, तीन पद भएका र छ पद भएका पनि छन् । त्यस्तै लय नमिलेका र लय मिलेका पनि छन् । ती सबैले तिमीलाई शान्त पारुन् ।

यस कण्डिकाले दोस्रो कण्डिकाकै कुरालाई पुष्टि गरेको छ ।

४. **सहस्तोमा ..... रश्मीन् ।**

अर्थः स्तोत्र मन्त्रहरूका छन्द र ज्ञानी ऋषिहरू हुन्छन्, जसरी सप्त ऋषिहरू छन् । अनि देवताहरू पनि हुन्छन् । तिनीहरूमा पूर्व विज्ञपुरुषहरूले जुन बाटो (तरीका) लिएका थिए त्यसलाई हेरेर सारथीले लगाम समाते जस्तै अनुसरण गर्नुपर्छ ।

तात्पर्यः प्रत्येक मन्त्रका छन्द, मन्त्र द्रष्टा ऋषि तथा आराध्य देवहरूको स्वरूप परम्परागत रूपमा ध्यानमा राखेर पाठ गर्नु पर्छ ।

५. **यज्जाग्रतो ..... शिवसंकल्पमस्तु ।**

अर्थः जाग्रत् अवस्थामा मानिसको मन टाढा टाढा पुग्छ र त्यही देवतारूप मन स्वप्न अवस्थामा पनि त्यसरी नै टाढा पुग्छ । यसरी टाढा पुग्ने चञ्चल तथा ज्योतिहरूमध्ये एकमात्र तेजिलो ज्योतिरूप मन हो । त्यस्तो मेरो मन शिवकर्ममा संकल्पित होस् ।

तात्पर्य : रुद्री गराउने यजमानले र रुद्री गर्ने पुरोहितले अति चञ्चल मनलाई कुनै दूषित भावना तिर मोड्न नदिई शिवसंकल्पमा स्थिर राख्न प्रयत्न गर्नु आवश्यक छ ।

६. **येन कर्माण्यपसो ..... शिवसंकल्प मस्तु ।**

अर्थ : जुन मनद्वारा कर्मनिष्ठ बुद्धिमान् तथा ज्ञानमा पोख्त धीर विद्वान्हरू यज्ञादि धार्मिक अनुष्ठानका कार्यहरू संपन्न गर्छन् । जुन मन अपूर्व छ, सक्षम छ र मानिसको भित्री भागमा रहन्छ, त्यस मन शिवकर्ममा संकल्पित होस् ।

तात्पर्य : ठूलाठूला विद्वान् योग्य व्यक्तिहरूले पनि नियन्त्रित मनद्वारा नै कार्यहरू संपन्न गर्न सक्षम हुने गर्दछन्,

७. **यत्प्रज्ञान ..... शिवसंकल्पमस्तु,**

अर्थ : जुन मन ज्ञानरूप, चेतनरूप, धैर्यरूप छ र प्रजाहरूमा भित्री ज्योतिरूप तथा अमृत रूप छ । जुन मन नभईकन कुनै कामै गर्न सकिदैन, त्यस्तो मन शिवकर्ममा संकल्पित होस् ।

तात्पर्य : मन विना अर्थात् अस्थिर मन भएमा ज्ञान, चेतनता, धैर्य आदि मानव मात्रको लागि आवश्यक गुण कुनै पनि नरहने भई मानवत्व नै हटाउने भएकोले मनलाई भाँडिन दिन हुँदैन ।

८. **येनेदं ..... शिवसंकल्पमस्तु ।**

अर्थ : जुन अमृतरूप (मृत्युरहित) मनले यी भूत वर्तमान, भविष्यत् सबै अधीनमा पारेको छ, जुन मनद्वारा सात जना होता हुने महान् यज्ञ संपन्न गरिन्छ त्यस्तो मन शिवकर्ममा संकल्पित होस् ।

तात्पर्य : मन लगाएमा संपूर्ण कुरालाई बंशमा राख्न

सकिन्छ र ठूला ठूला कठिनतम कार्य पनि पूरा गर्न सकिने हुँदा मन विग्रन दिनु हुँदैन ।

९. **यस्मिन् ऋच : ..... शिवसंकल्प मस्तु ।**

अर्थ : जुन मनमा ऋक्, यजु :, साम आदिका ज्ञानहरू रहन्छन्, जसरी रथको चक्रको घेरामा आरा रहन्छन् । जसमा प्रजाहरूको चेतनता सबै नै रहेको हुन्छ, त्यस मन शिवकर्ममा संकल्पित होस् ।

तात्पर्य : सबै प्रकारका ज्ञानको भण्डार हुन सक्ने मनलाई सत्कर्ममा संलग्न गराउनु उचित हुनेछ ।

१०. **सुषरथि ..... शिवसंकल्पमस्तु**

अर्थ : असल सारथीले घोडालाई जस्तै मनले मानिसलाई इच्छित स्थानतिर वा कर्मतिर लैजान्छ, अथवा सारथीले वेगवान् घोडालाई लगाम समातेर नियन्त्रण गरे झैं मनले मानिसलाई नियन्त्रणमा राख्छ । मन भित्री भागमा रहने अविनाशी र वेगवान् पनि छ, त्यस मन शिवकर्ममा संकल्पित होस् ।

तात्पर्य : कुनै पनि काम गर्न मनद्वारा आफू नियन्त्रित होइन, आफूले मनलाई नियन्त्रणमा राख्नु पर्छ

यस प्रकार रुद्री गराउने व्यक्तिले स्वच्छ सुनियन्त्रित चित्त लिएर रुद्री पाठ गराउन तयार हुनु पर्छ । त्यसकिसिम रुद्रानुष्ठानवाट नै कल्याण प्राप्ति हुन्छ, अन्यथा आडम्वर आदिको भावना राखेमा जतिसुकै ठूलो रुद्री गरिएको भए पनि त्यो निरर्थक हुने छ ।

पहिलो अध्याय यहीं समाप्त हुन्छ ।

द्वितीय अध्याय

दोस्रो अध्यायमा रुद्रीका मूल देवता को हुन् र कस्ता छन् भन्ने कुरा बुझाउने काम गरिएको छ र ती देवतालाई परमपुरुषको रूपमा व्याख्या गरिएकोले यस अध्यायलाई पुरषसूक्त भन्ने गरिन्छ ।

१. **सहस्त्रशीर्षा ..... दशाङ्गुलम् ।**

अर्थ : हजारौं शिर भएका, हजारौं आँखा र हजारौं पाउ भएका पुरुषदेव हुन् । तिनी दश औंलाको परिमाणमा पृथ्वीलाई सबैतिर व्याप्त गरेर बसेका छन् ।

तात्पर्य : यहाँ शिर ज्ञानको प्रतीक, आँखा विचारको प्रतीक र पाउ कर्मको प्रतीक रूपमा राखिएका छन् । त्यसैले परमपुरुष असंख्य ज्ञान रूप, असंख्य विचार रूप र असंख्य कर्म रूप छन् भन्ने भाव हो ।

२. **पुरुष एवेदं ..... तिरोहति ।**

अर्थ : यो वर्तमान र भूत तथा भविष्यत् सबै तिनै पुरुषदेवका रूप हुन् र उनी अमृतत्वका स्वामी हुन्, अन्नादि भन्दा माथि छन् अर्थात् अविनाशी छन् ।

तात्पर्य : विश्व ब्रम्हाण्ड सबै तिनकै रूप भए पनि विश्व ब्रम्हाण्ड झैं विनाशी भन्ने तिनी छैनन् ।

३. **एतावनस्य ..... दिवि**

अर्थ : यस परमपुरुषको महिमा यति छ कि उनी सर्वश्रेष्ठ सर्वोच्च छन् । तिनको पाद सम्पूर्ण भूत जगत् हो । यिनका तीन पाद अविनाशी र प्रकाश रूप छन् ।

तात्पर्य : ती परम पुरुषका पाउहरू मात्र पनि विश्व ब्रम्हाण्ड व्याप्त छन् ।

४. त्रिपादूर्ध्व ..... अभि ।

अर्थ : पुरूषमा त्रिपाद् (तीन पाउ) को रूपमा रहे । अनि तिनको एक पाउ यहाँ पृथिवीमा रह्यो । त्यसपछि अन्नादि खाएर बाँच्ने र केही नखाएरै बाँच्ने विविध जीवहरू जन्मे ।

तात्पर्य : सृष्टिको क्रममा सानादेखि ठूला विविध प्राणीहरू पृथिमीमा जन्मे ।

५. ततो विराडजायत ..... पुरः ।

अर्थ : त्यसपछि पुरुष विराट् ब्रम्हाण्ड स्वरूपमा जन्मेर त्यसमा विविध जीवहरू जन्मे । त्यस विराट् पुरुष चाहिं भिन्नै रहेर जमीन र त्यसमा विविध पुरहरू (नगरहरू) बने ।

तात्पर्य : त्यस परम पुरुष स्वयं ब्रम्हाण्ड रूप भएर रहे पनि जीव, भूमि, नगरहरू त्यसदेखि अतिरिक्त जस्तै भएर रहेका भान भयो ।

६. तस्माद्यज्ञात् ..... ग्राम्याश्च ये ।

अर्थ : त्यस यज्ञ रूप पुरुषबाट सबै होम गरिने वस्तुहरू घिउ, हविहरू (अन्न फलादि पनि) उत्पन्न भए । अनि ती वायुमा उड्ने, वनमा बस्ने, गाउँ बस्तीमा पालिने पशु पक्षीहरू पनि जाति छन्, सबै जन्माइए ।

तात्पर्य : मानिसको जीवनको लागि आवश्यक भएका कार्यहरूमा सहयोगी हुने खालका वस्तुहरू र जीवहरू सबै उत्पन्न गराइए ।

७. तस्माद्यज्ञात् ..... तस्मादजायत ।

अर्थ : त्यस यज्ञपुरुषबाट ऋग्वेद, सामवेद जन्मे, छन्दहरू पनि जन्मे, अनि यजुर्वेद पनि जन्मे,

२९८५९२९
जु ९३९ रू

तात्पर्य : ज्ञान रूप त्यस यज्ञपुरुषबाट विविध ज्ञानहरू पनि विस्तारित भए ।

८. तस्मादश्वा ..... अजावयः ।

अर्थ : त्यस पुरुषबाट घोडाहरू र भारी बोक्ने अन्य पशुहरू जन्मे, गाईहरू जन्मे, बाखा भेंडाहरू पनि जन्मे ।

तात्पर्य : मानिसहरूको लागि यानको रूपमा प्रयोग गर्न सकिने पशुहरू (घोडा गधाहरू) र खाद्य वस्तु उत्पादनमा सहायक पशुहरू (गाई, भेंडा, बाखा आदि) पनि उत्पन्न भए ।

९. तं यज्ञं ..... ऋषयश्ज ये ।

अर्थ : त्यस प्रकट भएका पुरुषलाई यज्ञ पूजादि कार्यमा प्रमुख बनाएर देवताहरू साध्यगण र ऋषिहरूले यज्ञादि सम्पन्न गरे ।

तात्पर्य : त्यस परब्रम्हलाई यज्ञपूजादि कार्य त्यतिबेलादेखि गर्दै आएको परम्परा अनुसार हिजो आज पनि विविध धार्मिक कृत्यहरू तिनलाई नै लक्षित गरी त्यसरी सम्पन्न गर्दै आइरहेका छौं ।

१०. यत्पुरुषं ..... उच्येते ।

अर्थ : जुन पुरुष प्रकटित भए, त्यसको स्वरूप कस्तो थियो ? तिनका मुख, बाहु, तिघ्रा, पाउ के कस्ता थिए ?

तात्पर्य : यस ऋचामा परमपुरुषलाई कुन रूपमा रहेको भावना लिनुपर्छ भन्ने प्रश्न गरिएको छ ।

११. ब्राम्हणोस्य ..... अजायत ।

अर्थ : त्यस पुरुषको मुख ब्राम्हण, बाहु क्षत्रिय, तिघ्रा वैश्य र पाउ शूद्र थिए ।

तात्पर्य : यहाँ ब्राम्हणलाई ज्ञानको प्रतीक, क्षत्रियलाई रक्षाको प्रतीक, वैश्यलाई श्रमको प्रतीक र शूद्रलाई सेवाको प्रतीक बनाइएको छ र मानिसको जीवन सुन्दर बन्नको लागि ज्ञानवान् हुनु, एकले अर्कालाई रक्षा गर्ने प्रवृत्ति रहनु, परिश्रमद्वारा आवश्यक कार्यहरू सम्पन्न गर्ने चरित्र हुनु र परस्पर सेवा सहयोग गर्ने भावना सबैमा हुनु आवश्यक छ । त्यसकारण ज्ञान रक्षा, श्रम र सेवा परब्रम्हकै रूप हुन् ।

१२. चन्द्रमा ..... रजायत ।

अर्थ : त्यस परमपुरुषको मनबाट चन्द्रमा, आँखाबाट सूर्य, कानबाट वायु र प्राण तथा मुखबाट आगो जन्मे ।

तात्पर्य : जसरी हामी चन्द्रमाबाट आल्हादकता, सूर्यबाट तेज, प्राणवायुबाट जीवनको अस्तित्व र आगोबाट पाक कर्म प्राप्त गर्छौं, ती तिनै परमपुरुषबाटै पाउँछौं । त्यसैले ती चन्द्रसूर्यादि पनि परब्रम्हकै रूप हुन् ।

१३. नाभ्या ..... अकल्पयन् ।

अर्थ : नाभिबाट आकाश, शिरबाट स्वर्ग वा दिव्यलोक, पाउबाट दिशाहरू र कानबाट विभिन्न लोकहरूको रचना गरिए ।

तात्पर्य : ती परब्रम्हपुरुष विश्व ब्रम्हाण्ड सर्वत्र व्याप्त छन् ।

१४. यत्पुरुषेण ..... शरद्धविः ।

अर्थ : जुन परमपुरुष रूप हविद्वारा देवताहरूले यज्ञ कर्म पूरा गरे, त्यसमा वसन्त ऋतु घिउ, ग्रीष्म ऋतु इन्धन र शरद् ऋतु होम गरिने वस्तु हवि थिए ।

तात्पर्य : वसन्त ऋतुमा घिउ जस्तै नरम नरम नयाँ

पालुवा निक्लने गर्छ भने ग्रीष्म ऋतुमा त्यही छिप्पिएर कडा हाँगा बन्दछ अनि शरद् ऋतुमा त्यसमा फल पाक्दछ। त्यसकारण प्रकृतिवाट समयानुकुल प्राप्त हुने वस्तुहरूलाई यज्ञपूजादि धार्मिक कार्यमा लगाएर उपभोग गर्नुपर्छ।

१५. सप्तास्यासन् ..... पुरुषं पशुम् ।

अर्थ : देवताहरूले जुन यज्ञ गर्न लागेका थिए, त्यस यज्ञमा सात घेरा, एक्काइस किसिमका समिधाहरू बनाइएका थिए र त्यसमा पुरुषलाई पशुरूपमा बाँधेर राखे।

तात्पर्य : यज्ञ पूजादि आरम्भ गर्दा ज्ञानरूप परम पुरुषलाई स्थिर रूपमा तत्स्थलमा राख्नुपर्छ र अन्यत्र जान दिनु हुँदैन। त्यसैले पशुलाई बाँधे जस्तै निश्चल बनाई राख्नु पर्ने कुरा यहाँ बताइएको छ।

अथवा

ज्ञानभन्दा कर्मको प्रधानता मान्ने सिद्धान्तवादीहरू कुनै जीवलाई यज्ञ पशुको रूपमा मौलामा बाँधेर यज्ञारम्भ गरी त्यसमा त्यस जीवको बलि नै दिने कर्म गर्छन्। तिनीहरूको मतमा यस ऋचामा भनिएको पुरुष पशुको अर्थ भाले जीव भन्ने हुन सक्छ। तर कतिपय कर्मिष्ठहरू पशुको प्रतीकको रूपमा बिल्वफल आदि राखेर यज्ञ कार्य सम्पादन गर्छन्। त्यसैले कुशण्डी यज्ञहरूमा पाट कपडा सहित बेलफल होम गर्ने विधान बेला बेलामा हेर्न पाइन्छ।

१६. यज्ञेन ..... सन्ति देवाः ।

अर्थ : देवताहरूले यज्ञद्वारा यज्ञपुरुषलाई पूजा गरे। ती पूजा पहिला धर्म थिए। त्यसबाट साध्यगण र देवताहरू पहिले जहाँ थिए, त्यहीं स्वर्गमा नै पुगे।

तात्पर्य : यज्ञपुरुषको पूजाद्वारा देवताहरूले उच्चतम स्वर्गीय आनन्दानुभूति गरे ।

१७. अद्भ्य :.....माजानमग्रे

अर्थः पृथिवीको लागि विश्व निर्माण गर्ने रसवाट पानी पहिले भरियो (सिर्जित भयो) । त्यस पानीको रूप वनाउने त्वष्टा (सूर्य) जीवहरूका देवता भए,

तात्पर्यः- पहिले पानी लगत्तै सूर्य रहेर पृथिवीमा जीवहरू जन्मे ।

१८. वेदाहमेतं ..... विद्येत (ऽयनाय)

अर्थ : यस महान् सूर्यरूप परब्रम्हलाई अन्धकार देखि पर रहेका कुरा मैले जाने । त्यसलाई चिनेर नै मृत्युवाट पर जान सकिन्छ, अरु उपाय छैन ।

तात्पर्य : त्यस परम्पुरुषलाई चिनेमा मृत्युलाई पनि जित्न सकिन्छ भन्ने तथ्य प्रकट गरिएको छ ।

१९. प्रजापति ..... विश्वा

अर्थ : सम्पूर्ण प्रजाका पतिरूप परम् पुरुष गर्भभित्र प्रवेश गर्छन् । त्यस पुरुष आदिहीन भए पनि विविध रूपले जन्मेका देखिन्छन् । त्यसको कारण वा स्थान हेरेर विद्वानहरू थाहा पाउँछन् र त्यसमै सम्पूर्ण भुवन रहेको बुझ्दछन् ।

तात्पर्यः वास्तवमा ती परम्पुरुष ब्रम्ह जन्म मृत्युहीन नित्य हुन्, सारा संसार त्यसैमा आधारित छन् । तर पनि देखावंटी रूपमा गर्भमा प्रवेश गरी जन्म लिने गरेको देखिन्छन् । यो रहस्य बुझ्ने नै विद्वान् हुन् ।

२०. यो देवेभ्य :.....ब्राम्हये

अर्थ : जुन परम्पुरुष ब्रम्ह देवताहरूको लागि ताप (

न्यानो भाव) दिने वन्दछ। जुन पुरुष देवताहरूका अगुवा हुन् , सवै देवताहरू भन्दा पहिले जन्मेका थिए त्यस ज्योति रूप, सूर्यरूप परब्रम्हलाई नमस्कार ।

तात्पर्य : विविधरूपबाट भूमिका खेल्ने त्यस परम्पुरुषको परिचय र तिनका कार्यहरूको जानकारी दिइसके पछि त्यस्ता महिमाशाली ब्रम्हलाई यस ऋचामा नमस्कार गरिएको छ । किनभने ती परब्रम्ह जो कोहीका लागि पनि बन्द्य छन् ।

२१. **रुचम्.....असन्वशे**

अर्थः तेजो रूप ब्रम्हलाई जन्मदै गरेको (देखापरेको) हेर्दै देवताहरूले पहिले यो भने कि जुन ब्राम्हणले यस्ता परम पुरुषलाई जान्ला त्यसको वशमा देवताहरू बस्ने छन् ।

तात्पर्य : ब्रम्हलाई जान्ने नै ब्राम्हण हुन्छ र त्यसको वशमा सवै देवता रहन्छन् । अर्थात् आवाहन गर्ने बित्तिकै निर्दिष्ट स्थानमा देवता उपस्थित हुनु पर्ने र विर्सजन गरेर बिदा दिएमा मात्र स्वस्थान जानु पर्ने हुन्छ ।

यसको उदाहरण स्वरूप कुनै पनि देवदेवीको पूजा गर्नु पर्दा आरम्भमा देवको आवाहन गरिन्छ । पूजा समाप्ति पछि 'स्वस्थान वासाः भवन्तु' भन्दै विसर्जन गरिन्छ । यो पद्वति यसै ऋचासंग सम्वन्धित छ ।

२२. **श्रीश्च ते लक्ष्मी..... इषाण ।**

अर्थः श्री (शोभा) र लक्ष्मी (संपत्ति) तपाईका दुई पत्नी हुन् । दिनरात तपाईको दायाँबायाँ पार्श्ववर्ती भएर रहन्छन् । तेजोरूपले स्वर्गमर्त्य सर्वत्र प्रभावकारी भएर रहन्छन् । (यसकारण) इच्छित वा आवश्यक कुरामा अनुग्रह गर्नुहोस् मेरो यस वर्तमान जीवन प्रति निगाहा राख्नुहोस् तथा मेरा

सबैलोक (जन्म जन्मान्तरका) प्रति पनि अनुग्रह गर्नुहोस् ।

तात्पर्य : श्री र लक्ष्मी भनेका ज्ञान र सौभाग्यका प्रतीक हुन् । यी दुवै कुरा परिपूर्ति गरेर परमपुरुषले यसलोक र परलोकमा पनि कृपा दृष्टि राखून् ।

यसरी प्रस्तुत दोस्रो अध्यायमा परम पुरुषरूप ब्रम्हलाई चिन्नु पर्ने कुरा सविस्तार वर्णन गरिएको छ । अनि रुद्री पाठ गर्ने र गराउने दुबैले माथि वर्णन गरिएका पुरुषमा मन लगाई अनुष्ठान गर्नु पर्ने निर्देशन दिइएको हामीले बुझ्नु पर्दछ ।

द्वितीय अध्याय यहीं समाप्त हुन्छ ।

तृतीय अध्याय

रुद्राध्यायको तेस्रो अध्यायमा दोस्रो अध्यायमा वर्णन गरिएका तिनै पर ब्रम्ह पुरुषले पर्जन्य अर्थात् मेघको रूप लिएर युद्धस्तरमा वर्षात गराई प्राणीहरूको लागि आवश्यक अन्न जलादिको परिपूर्ति गराउने कुरा बताइएको छ । यहाँ प्रत्येक ऋचाहरूको अर्थ र तात्पर्य लेख्ने काम विभिन्न कारणवश प्रस्तुत गर्न अनूकुल पर्न नसकेको कारणले अर्को पटकको प्रयासमा प्रस्तुत गर्ने अठोट लिएर यस पटक केबल अध्यायकै साशंश मात्र प्रस्तुत गर्ने जमर्को गरिन्छ ।

यस अध्यायमा इन्द्रदेवता भनेर मेघलाई लिइएको छ । पर ब्रम्हले इन्द्रको रूपमा रहेर भीषण गर्जन सहित वर्षा गराउँछन् । युद्धमा वाणवर्षाद्वारा शत्रुलाई विनाश गरे जस्तै प्राणीहरूका हानिकारक शत्रुहरू दुर्भिक्ष विभिन्न रोगादिलाई समाप्त पारिदिन्छन् । पर्जन्य अर्थात् प्रमुख मेघ इन्द्र भए,

अन्य साना मेघहरू र मरुत् अर्थात् हावाहरूको समूह देवसेना भए । अनि अनिकाल, खडेरी र महामारी रोगहरू शत्रु भए । यसरी युद्धस्तरमा जनताका अहितकारी अवस्था निवारण गरी अन्नौषधादि उपलब्ध गराउने काम पनि तिनै परम पुरुषबाट नै संपन्न गरिन्छ । अत एव यस्ता इन्द्ररूपका परब्रम्हलाई पनि चिन्नु रुद्रीपाठ गर्ने र गराउने व्यक्तिको लागि आवश्यक रहेको आशय यहाँ स्पष्ट पारिएको छ ।

अहिलेलाई तेस्रो अध्याय यहीं समाप्त हुन्छ ।

चतुर्थ अध्याय

यस अध्यायको पनि प्रत्येक ऋचाको अर्थ र तात्पर्य प्रस्तुत गर्ने काम अर्को पटकको प्रयासमा पूरा गर्ने वचन दिदै अहिलेलाई अध्यायको सारांश मात्र प्रस्तुत गर्ने प्रयत्न गरिन्छ ।

घाम र पानी प्राणीहरूको जीवनको लागि अनिवार्य आवश्यक कुरा हुन् । त्यस परम पुरुषले इन्द्रको रूपबाट प्राणीहरूलाई पानी पुऱ्याइ दिने काम गरे जस्तै अर्को रूप सूर्यले घाम पुऱ्याउने कुरा प्रस्तुत रुद्राध्यायको चतुर्थ अध्यायमा वर्णन गरिएको छ ।

सूर्य देवता महान् छन्, प्राणी मात्रका रक्षक बनेर नित्य हेरचाह गर्छन् । सूर्यले प्रकाश र ताप दिने गर्छन् । अनि सूर्यको सहयोग विना पानी उपलब्ध नहुने र पानी सुकाउने पनि सूर्य नै भएकोले सूर्यले मित्रावरूण अर्थात् तेजोरूप सूर्य र जलरूप वरुणदेवता संयुक्त रूप भई प्राणीहरूलाई जीवनदान र संरक्षण गरिरहन्छन् । वास्तवमा

ती सूर्य देवता पनि तिनै परम पुरुषकै रूप हुन् । यस कुरा पनि सदा स्मरणीय छ भन्ने आशय यहाँ प्रकट गरिएको छ ।

यति मात्र यस चतुर्थ अध्यायको सार प्रस्तुत गरी चतुर्थ अध्याय पनि समाप्त गरिन्छ

रुद्रध्यायका यी चार अध्याय रुद्री पाठ गराउने र गर्ने व्यक्तिले आफूलाई कुन रूपमा तयार पार्नु पर्छ भन्ने कुराको भूमिका हुन् । खास रुद्री पाठ यस पछि मात्र शुरू हुन्छ । त्यसैले एकावृत्ति भन्दा बढी आवृत्ति रुद्री पाठ गर्नु पर्दा पहिलो एक आवृत्तिमा मात्र प्रथमाध्याय देखि पाठ शुरु गरिन्छ । त्यस पछिका थप आवृत्ति पाठमा प्रथमाध्याय देखि नगरी पाँचौं अध्यायबाट मात्र गरिने प्रचलन रहेको छ । यसै कुराको मार्गदर्शनबाट देवदेवीहरूका स्तोत्र पाठहरूमा पनि आरम्भमा पाठ गर्नु पर्ने कुराको प्रसङ्ग, पाठको महिमा र त्यस पछि सम्बन्धित देवताको ध्यान उल्लेख गरिएका हुन्छन् । तदनन्तर मात्र खास स्तोत्र प्रस्तुत गरिएको हुन्छ ।

यस पटकलाई रुद्रीको विवेचना आंशिक रूपमा मात्र प्रस्तुत गरेर बाँकी कुरा अर्को प्रयासमा गर्ने वचन दिई समाप्त गर्दैछु । हडबडमा तयार पारिएको हुदाँ न्यूनाधिक कुराको लागि क्षमायाचना गर्दछु ।

शुभमस्तु ।

G591
298.7529
कु 323 क